# ८ ख्रीष्ट, हाम्रो पुरोहित

*<u>यस अध्यायका मूल पदहरू:</u>* भजन ११०:१-५, उत्पत्ति १४:१८-२०, हिब्रू ७:१-३, रोमी ८:३१-३४, १ तिमोथी २:२-४, हिब्रू ८:६, हिब्रू २:१७,१८, हिब्रू ३:६, हिब्रू १०:१-१४।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **"मैले बुझाउन खोजेको कुरो यो हो। हाम्रो त्यस्तै मूल पुरोहित हुनुहुन्छ। उहाँ स्वर्गको ऐश्वर्यशाली तथा गौरवमय राजाको सिहाँसनको दाहिने बाहुलीमा बस्नुभयो। उहाँ पवित्र घरमा सेवाकार्य गर्नुहुन्छ। परमेश्वर आफैले त्यो सक्कली पवित्र घर बनाउनुभएको थियो। त्यो घर कुनै पनि मानिसको हातले निर्माण गरेको थिएन।" (हिब्रू ८:१,२ रूपान्तरित)।**

**ख्रीष्ट मरेकोबाट जीवित हुनुभयो र स्वर्गमा भएको पवित्र मन्दिरमा उहाँ जानुभयो।** उहाँको पुनरुत्थानपछि स्वर्गमा जाँदा उहाँले मुक्तिको योजनाको नयाँ भागमा प्रवेश गर्नुभयो (हिब्रू २:१७)। जब बलिको निम्ति उहाँले आवश्यकता पूरा गरिसक्नुभयो तब पुरोहितको रूपमा उहाँलाई स्थापना गरिएको थियो र उहाँले पुरोहितको काम सुरू गर्नुभएको थियो। विश्वास गरेर उहाँकहाँ आउनेहरूलाई उहाँले आफ्नो रगतले छोपीदिनुहुन्छ। तिनीहरूको निम्ति गरिएको शिद्ध बलिदानलाई उहाँले क्रियाशील बनाउनुहुन्छ। येशूले गर्नुभएको पुरोहितको काम दुई भागमा गरिएको पाइन्छ। पृथ्वीमा भएको पवित्र मन्दिरले येशूको त्यस पुरोहितको कामलाई चित्रण गर्दछः त्यो हो, पवित्र मन्दिरमा गरिने दैनिक विधि र शुद्धिकरणको दिनमा गरिने वार्षिक विधि।

येशूले दैनिक जीवनमा गरिने सेवाकार्यको बारेमा यस अध्यायमा अध्ययन गर्नेछौं। उहाँले हाम्रो निम्ति गरिने केही ती दैनिक सेवाकार्यहरूको उपयोगिताको बारेमा हामी सिक्नेछौं। परमपिता सनातनका परमेश्वरको सामु येशू हाम्री निम्ति उभिरहनुभएको छ भन्ने

आत्मज्ञानले हामीलाई वढो आनन्द मिल्नुपर्दछ। येशूका साना भन्दा साना वा कमजोर भन्दा पनि कमजोर र तिरस्कृत भक्तहरूले पवित्र मन्दिरको सन्देशले आशा र प्रोत्साहन पाउनुपर्दछ।

## १ हाम्रो मूल पुरोहित (हिब्रू ७:१-३)

खीष्ट पुरोहित वा पुजारी भनेर अधिकतम मात्रामा वयान गर्ने नयाँ करारको पुस्तकमा हिब्रूको पुस्तक हो। हिब्रू पुस्तकमा उल्लेखित त्यस विषयको आधार भजन ११०को दुई पदहरू हुन्। सबैलाई भन्दा उच्च सम्मान खीष्टले पाउनुभएको थियो किनभने उहाँ परमेश्वरको दाहिने बाहुलीमा बस्नुभएको थियो भनेर पद १ले बताउँदछ। यो विषयवस्तुलाई हिब्रूको पुस्तकमा बराबर उल्लेख गरिएको पाइन्छ। येशू, परमेश्वर र मसिह हुनुहुन्छ भनेर उहाँले ओगट्नुभएको स्थानले बताउँछ (हिब्रू १:३, हिब्रू ४:१४, हिब्रू ७:२६, हिब्रू ८:१, हिब्रू १२:२)। खीष्टको पुरोहित्याईंलाई मल्किसेदेकले चित्रण गरेको थियो भनेर भजन ११०:४ले औँल्याउँछ (हिब्रू ५:६)।

**मल्किसेदेकसरहको पुरोहित्याहिँको प्रतिज्ञा खीष्टले पूरा गर्नुभएको थियो भनेर कुन् कुन् आधारमा बताउँछन्? तुलनात्मक रूपमा हेर्नुहोस्ः उत्पत्ति १४:१७-२० "कदोर्लाओमेर र अरू राजाहरूलाई जितेर जब अब्राम फर्की आए, सदोमका राजा उनलाई भेट्न शावेको बेसीमा आए (त्यस ठाउँलाई राजाको बेसी पनि भनिन्थ्यो)। अनि शालेमका राजा मल्कीसेदेक, जो सर्वोच्च परमेश्वरका पूजाहारी पनि थिए, उनले अब्रामकहाँ रोटी र दाखमद्य लिएर आई उनलाई आशीर्वाद दिए र भने "स्वर्ग र पृथ्वी बनाउनुहुने सर्वोच्च परमेश्वरले अब्रामलाई आशिष् देऊन्! तिमीलाई बैरीहरूमाथि जिताहा बनाउनुहुने सर्वोच्च परमेश्वरको प्रशंसा होस्!" अनि अब्रामले आफूले जितिल्याएको हरेक चीजको दश भागमा एक भागचाहिँ मल्कीसेदेकलाई दिए।", भजन ११०:४, "परमप्रभुले एउटा गम्भीर प्रतिज्ञा गर्नुभयो र त्यो बदर हुन्न, मल्कीसेदेकको दर्जामा तिमी नै सधैँभरि पुरोहित रहनेछौ।" र हिब्रू ७:१-३ "मल्कीसेदेकचाहिँ**

शालेमका राजा र सर्वोच्च परमेश्वरका पूजाहारी थिए। अब्राहामले चार जना राजाहरूलाई लडाइँमा हराएर फर्कंदैगर्दा मल्कीसेदेकले उनलाई भेटेर आशीर्वाद दिए। अब्राहामले राजाहरूलाई जितेर ल्याएका सबै धनको दशांश मल्कीसेदेकलाई दिए। मल्कीसेदेक नाउँको अर्थ 'धार्मिकताको राजा' हो र उनी शालेमका राजा भएकोले उनको नाउँले 'शान्तिका राजा' भन्ने पनि बुझाउँछ। मल्कीसेदेकका बुबा, आमा र पिता-पुर्खा कसैको बारेमा केही जानकारी छैन। उनको जन्म र मरणको बारेमा पनि केही जानकारी छैन। परमेश्वरका पुत्रजस्तै उनी सदाकालका पूजाहारी हुन्।"

मल्किसेदेकको बारेमा त्यत्तिको चर्चा बाइबलमा दिइएको छैन। तैपनि बाइबलले मल्किसेदेक र येशू एउटै दर्जामा हुनुहुन्छ भनेर जोडदार उल्लेख गरिएको पाइन्छ। मल्किसेदेक सलेम शहरको राजा थिए। (सलेमको अर्थ "शान्ति" हो, त्यसकारण उनी "शान्तिका राजा" थिए)। मल्किसेदेक नामको अर्थ "पवित्रता वा धार्मिकताको राजा" पनि भनिएको छ। उनको नाउँले उनको चरित्रको बारेमा बताउँदछ। उनको पूर्खाको नाउँ नबताएकोले उनी इतिहासमा कम चर्चित व्यक्तित्व थिए भनेर पनि बाइबलमा उल्लेख गरेको छ। त्यसको अर्थ उहाँको जन्म र मृत्युको लेखा राखिएको छैन। मल्किसेदेकको न त सुरू थियो न त अन्त नै थियो भन्न आभास पाइन्छ। अनि उहाँ "अत्यन्त महान् परमेश्वरको पुजारी" रे (हिब्रू ७:१)! अन्तमा मल्किसेदेकको पुरोहित्याहिँ लेवीहरूको भन्दा पनि उच्च भएको देखाइएको छ। लेवीको हातबाट अब्राहमले मल्किसेदेकलाई दशांस दिएको थियो (हिब्रू ७:४-१०)। ती सबै कारणहरूले गर्दा ख्रीष्टको प्रतिक मल्किसेदेक थिए भनेर बुझाउँछ।

तर मल्किसेदेकभन्दा बढो प्रभावशाली मूल पुरोहित त ख्रीष्ट हुनुहुन्छ। इस्रायलको इतिहासमा हारुन सब भन्दा पहिलो मूल पुरोहित थियो। हारुनको मूल पुरोहित्याहिँको पदको बारेमा हिब्रू ५:१-४मा यसरी दिइएको छः (१) मूल पुरोहित परमेश्वरले नियुक्त गर्नुभएको थियो, (२) उनी मानिसहरूको प्रतिनिधित्व भएर काम गर्नुपर्थ्यो, (३)

परमेश्वर र मानिसको बीचमा मध्यस्थ भएर उनले काम गर्नुपर्दथ्यो, (४) उनी दयालु र करूणादायी हुनुपर्थ्यो र (५) आफ्नो र जनसमाजको निम्ति उनले बलिहरू दिनुपर्थ्यो।

खीष्ट नयाँ मूल पुरोहित हुनुहुन्छ भनेर हिब्रूको पुस्तकले चित्रण गर्दछ। हारुन र उसको बंशले निर्वाह गरेको पुरोहित्याहिँको सबै आवश्यकताहरू येशूले पूरा गर्नुभएको थियो। त्यतिमात्र नभएर उहाँ त्यो भन्दा अझ माथि जानुभएको थियो। येशूमा पाप थिएन, उहाँ अत्यन्त आज्ञाकारी हुनुहुन्थ्यो र आफ्नो निम्ति बलि ल्याउन उहाँको आवश्यकता थिएन। बरू उहाँ आफै बलि हुनुभयो जुन् सारा मानिसको निम्ति अत्यन्त चोखो, निर्दोष र शिद्ध बलि हुनुभएको थियो।

त्यसकारण हारुन र उसको बंशले निर्वाह गरेको मूल पुरोहित्याहिँ र मल्किसेदेक भन्दा अत्यन्त उत्कृष्ट उच्च पुरोहित येशू हुनुभएको थियो। कुनै पनि पुरोहितले गर्नु पर्ने काम र गर्न सक्ने कामले येशूलाई औँल्याएको हुँदा पुरोहित्याहिँ काम गरेर येशूले पुरोहितको काम पूरा गर्नुभएको थियो। यस संसारका पुरोहितहरू केवल येशूका प्रतिकहरू मात्र थिए।

## २. हाम्रो पक्षमा बोलिदिने र सहजकर्ता (रोमी ८:३१-३९)

पावलले रोमी ८:३१-३९मा हामीलाई महान् आशा र प्रतिज्ञालाई प्रस्तुत गरेका छन्। त्यसलाई हामीले कसरी आत्मसात् गर्ने? हेर्नुहोस्: **“यी कुरा विचार गर्दा हामी के भन्न सक्छौं? परमेश्वर हाम्रो पक्षमा हुनुहुन्छ भने हाम्रो विरोधमा को टिक्ने? उहाँले आफ्नो पुत्रसम्मलाई पनि जोगाइराख्नुभएन तर हाम्रा लागि दिनुभयो। हाम्रा लागि आफ्ना पुत्रसम्म दिनुहुनेले झन् उहाँसँगै अरू सबै कुरा हामीलाई दिनुहुन्न र? परमेश्वरले छान्नुभएका मानिसलाई कसले दोष लगाउन सक्छ ? परमेश्वर आफैंले तिनीहरूलाई निर्दोष ठहराउनुभएको छ। त्यसो हुँदा तिनीहरूलाई दण्डको भागी बनाउने कोही पनि हुनेछैन किनभने खीष्ट नै तिनीहरूको साटोमा दण्ड भोगेर मर्नुभएको छ। उहाँ मर्नु मात्रै भएन,**

**योभन्दा ठूलो कुरा मरेर फेरि जिवित परिनुभयो। अहिले उहाँले परमेश्वरको साथमा रहेर राज्य गरिरहनुभएको छ। अनि उहाँले हाम्रो लागि परमेश्वरसित बिन्ती पनि गर्नुहुन्छ। अब के कुनै कुरोले हामीलाई खीष्टको प्रेमबाट अलग गर्न सक्छ? अहँ, कुनै पनि कुरोले हामीलाई खीष्टको प्रेमबाट अलग गर्न सक्दैन। हामीलाई दुःख हुन सक्छ, कठिनाइ र खेदो आउन सक्छ, हामी नाङ्गो र भोकभोकै पनि हुनुपर्ला। हुन सक्छ, हामी त्यस्तै कुनै ठूलो आपत्मा परौंला वा मारियौंला पनि; तर के यी कुनै पनि कुराले हामीलाई खीष्टको प्रेमबाट अलग गर्न सक्छ? अहँ, कहिल्यै पनि सक्दैन। हामीलाई दुःख हुन्छ भनेर त धर्मशास्त्रमा पनि बताइएको छ, "तपाईंको लागि त हामी दिनदिनै मारिन्छौं। हामी काट्न तयार पारिएका भेडाझैं छौं,। यी सबै कुरा भए पनि हामीलाई प्रेम गर्नुहुने खीष्टद्वारा नै हामीले यी सबै कुरामाथि ठूलो जित पाएका छौं किनभने मलाई पूरा थाहा छ, कुनै कुरोले पनि खीष्टको प्रेमबाट हामीलाई अलग गर्न सक्दैन। न त मृत्युले, न त जीवनले न स्वर्गदूतहरूले, न त संसारको शक्तिले, न त अहिलेको, न त पछिको न माथिको न तलको, सृष्टिका कुनै शक्तिले पनि हामीलाई परमेश्वरको प्रेमबाट अलग गर्न सक्दैन किनभने परमेश्वरले खीष्टद्वारा हामीलाई प्रेम गर्नुभएको छ।"**

माथीका पदहरूको पृष्ठभूमीलाई हेर्दा त्यो अदालतको दृष्यलाई चित्रण गरिएको पाउँछौं। त्यस दृष्यमा हामी अदालतमा न्यायधिसको अगाडि उनको फैसला सुन्न उभिरहेका छौं भनेर कल्पना गर्नुपर्दछ। त्यसबेला हाम्रो दिमागमा यी प्रश्नहरू खडा हुन्छन्: हाम्रो विपक्षमा को छ? हाम्रो दोष लगाउने को छ? हामीलाई विरोध गर्ने को छ? न्यायधिसले हामीलाई कस्तो न्याय गर्नेछ? उनले हामीलाई कस्तो फैसला सुनाउने छ? उनले हामीलाई कस्तो सजायँ टोकिदिने छ? यस्तो परिस्थितिमा हामी भयभित हुने स्वभाविकै हो। हामी सबैलाई थाहा भएकै कुरो हो कि हामी मानिस जाति हौं, पापी हौं र हामी चोखो र सिद्ध छैनौं।

तर हामी डराउनु पर्दैन। परमेश्वरको प्रेमबाट हामीलाई कुनै रितिले अलग गर्न सक्दैन भन्ने प्रतिज्ञाको आधारहरू धेरै छन्। परमेश्वर हाम्रो पक्षमा हुनुहुन्छ (पद ३१)। हाम्रै लागि परमेश्वरले उहाँको पुत्र दिनुभयो (पद ३२)। हामीलाई चाहेका सबै थोकहरू परमेश्वरले सित्तैंमा दिनुहुन्छ (पद ३२)। परमेश्वरले हामीलाई क्षमा दिनुहुन्छ र हामीलाई धर्मी वा पवित्र बनाउनुहुन्छ (पद ३३)। र येशू ख्रीष्ट हाम्रो पक्षमा उभिनुहन्छ। कुनै पनि सजायँ आउने डरबाट राहत दिने उहाँ नै हुनुहुन्छ। त्यो कसरी हुनगयो भन्दा, उहाँ हाम्रो निम्ति मर्नुभयो, बौरी उठ्नुभयो र स्वर्गमा रहेको पवित्र मन्दिरमा परमेश्वरको दाहिने बाहुलीमा रहेर हाम्रो पक्षमा निरन्तररूपमा काम गरिरहनुभएको छ (पद ३४)।

यदि उहाँको स्वइच्छाले ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो भने उहाँको प्रेममा हामी अगाध आस्था र विश्वास राख्नुपर्दछ। हामी कस्तो परमेश्वरलाई प्रेम गर्दछौं भनेर माथीका पदहरूको अन्तिम अंशमा प्रतिज्ञासहित खुलाएका छन्। हामीलाई हाम्रो परमेश्वरले यस्तरी प्रेम गर्नुहुन्छ कि कसैले पनि हामीमा उहाँले पूरा गर्नुहुने लक्ष्यबाट बिचलित हुने आवश्यक छैन। अनि परमेश्वरको अदालतको अगाडि उभिंदा हामी आनन्द र उत्सवको अनुभव गर्दछौं।

त्यस सत्यलाई अझ १ यूहन्ना २:१,२मा बढि स्पष्ट पारेको छ। त्यसमा भनिइएको छ **“प्यारा बालकहरू हो, तिमीहरूले पाप नगर भनेर तिमीहरूलाई यो लेख्दै छु। तर कसैले पाप गरिहाल्यो भने पनि हाम्रो पक्षमा परमेश्वरसँग बिन्ती गरिदिनुहुने एक जना धार्मिक येशू ख्रीष्ट हामीसँग हुनुहुन्छ। उहाँ हाम्रो पाप मेट्न नै बलिदान हुनुभएको हो। हाम्रो लागि मात्र होइन, तर सबै मानिसका लागि हो।"** हाम्रो पक्षमा बोल्ने भनेर ग्रीक भाषाको पाराक्लेटोस (parakletos) शव्द प्रयोग गरिएको छ। त्यसको अर्थ हाम्रो कानूनी सल्लाहकार वा वकिल हो। तपाईंको पक्षमा पैरवी वा वकालत गर्ने व्यक्तिलाई पारक्लेटस् वा वकिल भनिन्छ। येशू हाम्रो वकिल हुनुहुन्छ। हाम्रो पक्षमा उहाँ बोलिदिनुहुन्छ। उहाँबिना हाम्रो आशा केही पनि छैन।

हाम्रो पक्षमा उभिदिनुहुने, बोलिदिनुहुने येशू धर्मी र पवित्र हुनुहुन्छ। त्यस स्वभावले गर्दा परमप्रभु परमेश्वर न्यायमूर्ती पिताले हाम्रो पक्षमा येशूले बोल्नुहुने जिकिर वा तर्कलाई उहाँले सुनिदिनुहुन्छ। उहाँको धर्मी पिताले उहाँले सुनाउनु भएको सबै कुरालाई ग्रहण गर्नुहुन्छ भनेर हामी ढुक्क हुनसक्छौं। आखिरमा खीष्ट कसको लागि काम गर्नुहुन्छ त? पापीको लागि होइन त? हाम्रो बदलिमा उहाँ पापरहित भएर आफूलाई प्रस्तुत गर्नुहुन्छ।

**परमेश्वरको प्रेमबाट हामीलाई कुनै पनि शक्ति वा परिस्थितिले अलग गर्न सक्दैन भन्ने अचम्मको आत्मज्ञानलाई तपाईंले कसरी आत्मसात् गर्ने? त्यस सत्यतथ्य आत्मज्ञानले गर्दा तपाईं यस संसारमा परमेश्वरको इच्छा अनुसार जीवन कसरी उत्साह प्रदान गर्दछ र अहिले जीइरहनुभएको जीवनशैलीलाई कसरी सुधार गर्न सक्नुहुन्छ?**

## ३. सहजकर्ता वा मध्यस्थकर्ता (१ तिमोथी २:४-६)

**तत्कालिन, येशूले स्वर्गमा हाम्रो लागि के गरिरहनुभएको छ भनेर १ तिमोथी २:४-६ले उल्लेख गरेकोबाट हामीले के बुझ्छौं? हेर्नुहोस्: "सबै मानिसहरू बाँचून् (वा उद्धार पाउन्) सत्यलाई राम्ररी चिनून् भन्ने नै उहाँको इच्छा छ। परमेश्वर एउटै हुनुहुन्छ अनि मानिसहरूलाई परमेश्वरमा ल्याउने पनि एउटै मध्यस्थ हुनुहुन्छ। यो मध्यस्थ मानिसचाहिँ खीष्ट येशू हुनुहुन्छ। सबै मानिसहरूलाई छुटकारा दिन उहाँ बलि हुनुभयो। हरेक व्यक्तिले मुक्ति पाएको परमेश्वर चाहनुहुन्छ भन्ने कुरा ठीक प्रमाण यही हो। ७ यसैकारणले म अरू जातिका मानिसहरूलाई विश्वास र सत्य शिक्षा दिने र प्रचार गर्ने राजदूत बनाइएको हुँ।"**

परमेश्वर र मानिसको बीचमा सहजकर्ता वा मेलमिलाप गर्ने येशू हुनुहुन्छ भनेर सम्बोधन गरिएको छ। उहाँबाहेक अरू कोही पनि छैन। त्यो किनभने उहाँ भएपछि अरू कसैको आवश्यक छैन। खीष्ट सहजकर्ता हुनुभएको हैशियतले हामीलाई मुक्ति र सत्यको आत्मज्ञानलाई

उपलव्ध गरिइको छ (१ तिमोथी २:४)। हाम्रो माझमा यो महत्त्वपूर्ण प्रश्न आएको छः के हामी सबैलाई उपलव्ध गराइएको ती मुक्ति र आत्मज्ञानलाई उपयोग गर्न सक्छौं कि सक्दैनौं? हामी समाजमा कस्तो छौं, येशूकहाँ आउन हामीहरूको जातभात के हो, हामीहरूको चरित्र वा स्वभाव कस्तो छ  वा विगतमा हाम्रो क्रियाकलाप कस्तो छ आदिसँग सरोकार छैन।

सहजकर्ता वा मध्यस्थकर्ता भन्ने शब्द पुरानो ग्रीकदेशको कारोबारमा र कानूनी संसारमा प्रयोग गरिन्थ्यो। त्यसको अर्थ दुई व्यक्ति वा समूहहरूको बीचमा भएको सम्झौता वा करारमा कुनै असमझदारी वा कचकच भए सहजकर्ताले सुल्झ्याउँथ्यो।

सहजकर्ता हुनुभएको येशूलाई  हिब्रूको पुस्तकमा नयाँ करारसँग गाँसिएको छ (हिब्रू ८:६, हिब्रू ९:१५, हिब्रू १२:२४)। उहाँले मानिसहरूलाई परमेश्वरतिर फर्काएर ल्याउनुभएको थियो। परमेश्वर र मानिसको बीचमा रहेको सुमधुर तथा घनिष्ट सम्बन्ध पापले गर्दा नाश भएको थियो। यथार्थमा भन्ने हो भने पापले गर्दा सारा मानव जगत सखाप हुने थियो। तर ख्रीष्ट आउनुभयो र विग्रिएको सम्बन्ध वा सम्पर्क फेरि चालु गरिदिनुभयो। त्यसकारण परमेश्वर र मानिसको बीचमा सम्पर्क वा सम्बन्ध राख्ने व्यक्ति उहाँमात्रै हुनुहुन्छ। उहाँले स्थापना गर्नुभएको परमेश्वर र मानिसको बीचमा पुनः सम्पर्क व सम्बन्धले गर्दा पूर्ण सम्झौता गरेर प्रभुमा आनन्दित हुनसक्दछौं।

"ख्रीष्ट येशू मानव" भनेर पावलले उहाँलाई सम्बोधन गर्नुहुन्छ। येशूसँग तत्कालै दुवै मानिस र परमेश्वर हुने विशेष सामर्थ छ भनेर पावलले स्वीकार गरेको पाइन्छ (१ तिमोथी २:५)। परमेश्वर र मानव दुवै भएर येशूले स्वर्ग र पृथ्वीलाई जोड्न सफल हुनुभएको छ। त्यो सम्बन्ध कहिले पनि टुट्ने छैन।

"सिमित मानिसलाई अनन्त परमेश्वरसँग जोडन सकियोस् भनेर ख्रीष्ट यस संसारमा आउनुभएको थियो। पापले गर्दा र व्यवस्थालाई उलङ्घन गर्ने स्वभावले अलगिएको स्वर्ग र पृथ्वीको सम्बन्ध जोड्न पनि

उहाँ आउनुभएको थियो।"-एलेन जी ह्वाइट, सेरमन आण्ड टकस्, ठेली १, पृ. २५३बाट रूपान्तरित।

तपाईंको भलाईको निम्ति स्वर्गमा त्यस मानवले काम गरिरहनुभएको छ जो मूल पुरोहित पनि हुनुहुन्छ, त्यसको बारेमा सोच्नुहोस्। परमेश्वरको सामु तपाईं कतिको मूल्यवान रहेछ भनेर त्यसले तपाईंलाई कसरी आभास् दिन्छ? तपाईंको जीवनशैलीमा र तपाईंले अरूलाई व्यवहार गर्ने आनिबानीमा त्यस सत्यज्ञानले कसरी प्रभावित पार्न सक्दछ?

## ४. महान् मूल पुरोहित (हिब्रू २:१७,१८)

प्रभु येशू ख्रीष्ट मूल पुरोहित भएर काम गर्नुभएको बारेमा विवरण देहायका पदहरूले दिन्दछन्। त्यसले हामीलाई के खबर दिन्दछ? हिब्रू २:१७,१८ “त्यसैले सबै कुरामा उहाँ आफ्नै दाजुभाइहरूजस्तो बन्नुपऱ्यो। यसरी नै परमेश्वरको सेवामा मानिसको पापको क्षमा माग्न भरपर्दो र दयालु प्रधान पूजाहारी बन्नुभयो। उहाँ आफैंले पनि धेरै जाँचमा परेर दुःख भोग्नुभएको हुनाले अब जाँचमा पर्नेहरूलाई मद्दत गर्न सक्नुहुन्छ।", हिब्रू ३:६ “तर ख्रीष्टचाहिँ घरको अधिकार पाएको छोराजस्तै भरपर्दो हुनुहुन्छ। हाम्रो आशामाथि हामीले साहस र भरोसा कायम राख्यौं भने हामी परमेश्वरका घर हुन्छौं।", हिब्रू ४:१४, १५ “यसकारण हामीले मान्दैआएको विश्वासमा अझ दरिलो भएर बसौं किनभने स्वर्गमा जानुभएका परमेश्वरका पुत्र येशू नै हाम्रा महान् प्रधान पूजाहारी हुनुहुन्छ। १५ हाम्रा प्रधान पूजाहारी हाम्रो कमजोरीलाई बुझिदिन नसक्ने पूजाहारी हुनुहुन्न। हाम्रा पूजाहारी पापले फसाउने सबै कुरामा हामीजस्तै जाँचिनुभयो, तर पाप गर्नुभएन।" हिब्रू ७:२४-२८ “तर येशू भने सधैं बाँचिरहनुहुन्छ, उहाँ सधैंभरिका लागि पूजाहारी हुनुहुन्छ। यसैकारण येशूमा विश्वास गरेर परमेश्वरकहाँ आउनेहरूलाई उहाँले अहिले र सधैंभरिका लागि बचाउन सक्नुहुन्छ किनभने तिनीहरूका लागि परमेश्वरसँग प्रार्थना गर्न उहाँ सधैंभरि रहनुहुन्छ। हामीलाई

चाहिएको प्रधान पूजाहारी पनि यस्तै नै हो। उहाँ पवित्र, निर्दोष, शुद्ध हुनुहुन्छ र परमेश्वरले उहाँलाई पापी मानिसहरूबाट छुटाएर सबैभन्दा माथि स्वर्गमा बसाल्नुभयो। अरू प्रधान पूजाहारीहरूले गरेजस्तै उहाँले आफ्नो र अरूको पापलाई मेट्न दिनदिनै बलि चढाइरहनुपर्दैन किनभने उहाँले सधैंभरि पुग्ने गरी एकै चोटि आफैंलाई बलि चढाउनुभयो। व्यवस्थाले कमजोर मानिसलाई प्रधान पूजाहारीहरू हुन नियुक्त गऱ्यो, तर व्यवस्थाभन्दा पछि परमेश्वरले शपथ खाएर दिनुभएको प्रतिज्ञाले सधैंको लागि सिद्ध बनाइनुभएको पुत्रलाई नियुक्त गरेको छ।" र हिब्रू ८:१-३ "हामीले भनेका मुख्य कुरा पनि यिनै हुन्, हाम्रा यस्ता प्रधान पूजाहारी हुनुहुन्छ, जो स्वर्गमा परमेश्वरको सिंहासनको दाहिनेपट्टि बस्नुभएको छ। उहाँले महापवित्र स्थानमा प्रधान पूजाहारी भएर सेवा गर्नुहुन्छ। यो महापवित्र स्थानचाहिँ मानिसले होइन तर परमेश्वरले टाँग्नुभएको साँचो पाल हो। सबै प्रधान पूजाहारीहरू परमेश्वरलाई दिएको भेटी र पशुबलि चढाउन खटिएका हुन्छन्। यसकारण हाम्रो प्रधान पूजाहारीले पनि केही कुरा त चढाउनैपऱ्यो।"

प्रभु येशू हाम्रो महान् प्रधान पूजाहारी वा पुरोहित हुनुहुन्छ (हिब्रू ४:१४ रूपान्तरित)। यस संसारमा भएका सबै प्रधान पूजाहारी र शासकहरू भन्दा उहाँ उच्च हुनुहुन्छ। येशू हाम्रो महान् प्रधान पूजाहारी वा पुरोहित किन हुनुभयो भनेर बाइबलले धेरै कारणहरूको सूची प्रस्तुत गरेको छ। उहाँः

*दयालु र विश्वास योग्य वा भरपरदो हुनुहुन्छ* (हिब्रू २:१७)। उहाँ हाम्रो मध्यस्थकर्ता हुनुभएकोले उहाँका बरदानहरू हामीलाई दिनुहुन्छ। त्यसले गर्दा उहाँ दयालु र करुणामय बन्न पुग्नुभएको छ। अनि उहाँ परमेश्वरप्रति र हाम्रोपर्ति बफादारी हुनुहुन्छ। त्यसले गर्दा उहाँ विश्वासयोग्य र भरपर्दो हुन पुग्नुभएको छ।

*हामीसँग।* येशू हामीसँग सहानुति गर्नुहुन्छ। उहाँ हामीप्रति संवेदनशील हुनुहुन्छ, हामीलाई बुझ्नुहुन्छ र करूणा देखाउनुहुन्छ (हिब्रू २:१८, ५:२,७)। उहाँ मानिस भएर जीउनुभएको कारणले उहाँको

मानवतामाथि भर पर्न सक्छौं। उहाँ करुणामय र सिद्ध सहयोगी हुनुहुन्छ। तर उहाँ हाम्रै अवस्था वा परिस्थितिमा हुनुहुन्न किनभने उहाँ पापरहित हुनुहुन्छ (हिब्रू ४:१५)।

*हामीमाथि हुनुहुन्छ।* मूल पुजाहारी हुनुभएतापनि येशू विश्वासीको बराबरीमा हुनुहुन्छ जसरी मोशा थिए। जसरी कुनै छोरोले बाबुको घर सम्हाल्छ त्यसरी नै उहाँले हामीलाई सम्हाल्नुहुन्छ (हिब्रू ३:६)। उहाँका सारा भक्तसन्तहरूप्रति उहाँको पूर्ण अधिकार छ।

*हामी जस्तै* । येशू मानव अवतार लिनुभएकोले उहाँले कुनै विशेष अधिकार पाउनुभएको थिएन। हामी जस्तै उहाँ अनेकन् परिक्षा र मोहमा पर्नुभएको थियो (हिब्रू ४:१५)। यहुदाको उजाडस्थानमा उहाँले खप्नुभएको सैतानको परिक्षा वा उहाँलाई फसाउन मोहित पार्न खोजिएको सन्दर्भमा उहाँ शारीरिक, मानसिक र आत्मिक प्रलोभनमा पर्नुभएको थियो भनेर देखाउँदछ। उहाँ मानव चोला लिएर जन्मनु भएकोले नै उहाँलाई लोभलालचमा फसाउन खोजिएको थियो (मत्ती ४:१-११)।

*हाम्रो निम्ति।* स्वर्गमा भएको पवित्र मन्दिरभित्र परमेश्वरको सम्मुखमा ख्रीष्ट हाम्रो निम्ति देखापर्नुहुन्छ (हिब्रू ९:२४)। उहाँ मूल पुरोहित वा मुख्य पुजाहारी भएर हाम्रो निम्ति काम गरिरहनुभएको छ (हिब्रू ७:२५)। स्वर्गको न्यायलयमा हाम्रो निम्ति पहल गरिदिनुहुने येशूलाई धन्यवाद दिंदै हामी परमेश्वरप्रति आभारित हुनुपर्दछ।

**हाम्रो लागि येशू स्वर्गमा हुनुहुन्छ। त्यसको अर्थ के हो? त्यस अचम्मको आत्मज्ञानिय सत्यलाई मनन गर्दा आशा, सान्त्वना र सुरक्षा तपाईंले कसरी पाउने?**

## ५. केवल एक बलिदान (हिब्रू १०:१-१४)

यस पृथ्वीमा भएको परमेश्वरको पवित्र मन्दिरमा हुने विभिन्न विधिहरूले येशूको मृत्यु र उहाँको मूल पुरोहितको चित्रण गर्ने मुख्य

लक्ष्य थियो। पापीले मन्दिरमा पशुलाई ल्याएर मार्नुपर्दा त्यसले पापलाई समाधान गर्न भयाभव उपायलाई देखाएको थियो। पापको जवाफ केवल एउटैमात्र छ भनेर छरिएको रगतले औंल्याएको थियो। त्यस रगतले येशूको मृत्युलाई नै औंल्याएको थियो। पापको समस्या यस्तो गम्भिर छ कि परमेश्वरको बराबरी येशूको मृत्युले मात्र समाधान गरेको थियो (फिलिप्पी २:६)। सांच्चिकै पाप कस्तो दुष्ट रहेछ भनेर येशूको त्यस बलिदानले छर्लङ्ग पार्दछ।

पृथ्वीमा भएको परमेश्वरको मन्दिरमा भएको विधि र येशूको मृत्यु र उहाँ मूल पुरोहित भएर काम गरिरहनुभएको वर्णन हिब्रू १०:१-१४मा कसरी गरेको छ पढ्नुहोस्: “इस्राएली व्यवस्था हुन आउने खास साँचो कुराहरूको नमुना होइन, तर आउने असल कुराहरूको छाया मात्र हो। यसैले वर्षेनी चढाएका त्यही बलिदानहरूले परमेश्वरकहाँ ती बलिदान चढाउने मान्छेहरूलाई पूरै शुद्ध पार्न सक्दैन। पशु बलिले पूरै शुद्ध पार्न सक्ने भए किन घरीघरी बलि चढाउनुपर्थ्यो? यदि त्यसले बलि चढाउनेहरू शुद्ध हुने भए त सधैंको लागि एकै चोटि शुद्ध हुनेथियो अनि पूरै शुद्ध भई तिनीहरूका विवेकमा पाप रहनेथिएन। तर यी बलिदानहरूले मानिसलाई वर्षेनी आफ्ना पापहरूको सम्झना मात्र गराउँछ किनभने साँढे र बोकाहरूको रगतले पाप मेटाउन सक्दैसक्दैन।

यसैकारण संसारमा आउन लाग्नुहुँदा ख्रीष्टले परमेश्वरलाई यसो भन्नुभएको थियो, “तपाईंलाई भेटी र बलिदानहरू चाहिँ दैन, तर तपाईंले मेरो लागि एउटा शरीर तयार गरिदिनुभएको छ। तपाईंले होमबलि र पापबलि चाहनुहुन्न।” त्यसो हुँदा मैले भनें, “हे परमेश्वर, म हाजिर छु। धर्मशास्त्रमा लेखिएझैं, म तपाईंको इच्छा पूरा गर्न तयार छु।” पहिल्यै उहाँले भन्नुभयो, “तपाईंले भेटी र बलिदानहरू चाहनुहुन्न। तपाईं होमबलि र पापबलिसँग खुसी हुनुहुन्न।” व्यवस्थाले भनेझैं यी बलिदान चढाउँदा-चढाउँदै पनि उहाँले यसो भन्नुभयो। त्यसपछि उहाँले भन्नुभयो, “हे परमेश्वर, म हाजिर छु! म तपाईंको इच्छा पूरा गर्न तयार छु।” यसकारण परमेश्वरले पहिलेका बलिदानहरूलाई खारेज गर्नुहुन्छ।

ख्रीष्टको र यसको साटोमा बलिदान राखिदिनुहुन्छ किनभने येशू ख्रीष्टले परमेश्वरको इच्छा पूरा गर्नुभयो। यसैले सधैंभरि हुने गरी एकै चोटि आफ्नै शरीरलाई बलि दिएर उहाँले हामी सबैलाई पापबाट शुद्ध पार्नुभएको छ। सबै इस्राएली पूजाहारीहरूले बारम्बार उभिएर परमेश्वरकहाँ बलि चढाउने काम गर्छन् अनि घरीघरी एकै किसिमको बलि चढाउने गर्छन्। तर यस्ता बलिदानहरूले कहिल्यै पाप मेटाउन सक्दैनन्। तर ख्रीष्टले चाहिँ सधैंभरिलाई पुग्ने गरी पापको लागि एउटै मात्र बलि चढाउनुभयो। यही काम सकेर उहाँ परमेश्वरको दाहिने हातपट्टि बस्नुभएको छ। परमेश्वरले उहाँका शत्रुहरूलाई उहाँको पैतालामुनि नपार्नुभएसम्म उहाँ त्यहीं पर्खिरहनुहुनेछ। पापबाट शुद्ध पारिएका जतिलाई उहाँले एउटै बलिदानले सधैंको लागि सिद्ध पार्नुभएको छ।"

बाइबलको उपरोक्त अंशमा धेरै उल्लेखनीय सत्यहरू कोरिएका छन्। पापको समस्यालाई सबै पशुका बलिहरूले समाधान गर्न सक्दैन भन्ने तथ्य अत्यन्त उल्लेखनीय छ। "कुनै पनि राँगा वा गोरु र बोकाहरूको रगतले पापहरू हट्न सम्भव छैन" (हिब्रू १०:४ रूपान्तरित)। ती बलिले केवल औंल्याउँछ मात्र तर ती बलि आफै पापको समस्या समाधान गर्ने औजार होइन। पापको समाधान केवल येशूले मात्र गर्न सक्नुहुन्छ। हाम्रो निम्ति उहाँको मृत्यु र स्वर्गमा भएको पवित्र मन्दिरमा उहाँले गर्ने सेवाकार्य नै पापको जवाफ होस्।

माथि व्यक्त गरेको अनुच्छेदमा (पदहरू) अर्को अत्यन्त उल्लेखनीय वाक्य समावेश भएको छः पापको समाधानको निम्ति येशूको एक मृत्युले काफि पुग्छ। पशुबलि फेरि फेरि, दिन दिनै, वर्ष वर्षमा गर्नुपर्थ्यो। तर सारा मानिसका पापहरू ढाक्न येशूको एक बलिदान पर्याप्त छ (नियालेर सोच्नुहोस्, तपाईं र मेरो निम्ति को बलि हुनुभयो!)। येशूको एक मृत्य नै पर्याप्त छ भनेर परमेश्वरले अनुमोदन गर्नुभएको शक्तिशाली प्रमाण बाइबलमा जुटाइदिएको छ। जस येशू क्रुसमा आफ्नो प्राण त्याग्नु भयो तब यरुशलेममा रहेको सांसारिक

मन्दिरको अति पवित्र कक्षलाई ढाकिएको पर्दा च्यातिएर उदाङ्ग पारेको थियो (मत्ती २७:५१)। (अब संसारमा रहेको पवित्र मन्दिरको औचित्य समाप्त भयो भनेर त्यसले देखाएको थियो। आजसम्म पनि येशूलाई नमान्ने यहुदीहरूले परमेश्वरको नाउँमा पवित्र मन्दिर बनाउन आँट गर्न सकेकाछैनन् न त पशुबलिलाई नै निरन्तरता दिइएको छ-अनुवादकको टिप्पणी)।

**संसारमा भइरहेको चर्तिकललाई हेर्नुहोस्। पापले गर्दा क्षतविक्षत, दर्द, बेदना, नैराश्य, त्रास, नाश भइरहेको संसारबाट तपाईं भागेर जानसक्नुहुन्न। तर हामीहरूको सम्पूर्ण समस्या तथा पापको समाधानको निम्ति दिन दिनै, क्षण क्षणमा येशूलाई नै हेरेर बस्नु उचित हुन्छ भन्ने आत्मज्ञानलाई तपाईंले कसरी सम्हालेर राख्ने?**

## उपसंहार

**थप जानकारीः** यस अध्यायमा अध्ययन गरेको विषयवस्तुको बारेमा वढि जानकारी लिन एसडिए बाइबल कमेन्टरी, ठेली ७ए, पृ. ४७६-४८८को परिच्छेद सीको "द आटोनमेन्ट, पार्ट २-हाइप्रिस्टली आप्लिकेशन अभ आटोनिङ्ग साक्रिफाइस।" पढ्नुहोस्।

"तपाईंको अन्तस्करणमा बोल्ने सैतानको आवाजबाट पन्छिनुहोस्। उसको चाहना पालन गर्नुबाट हट्नुहोस्। येशूको उत्कृष्ट चरित्रलाई अङ्गालेर उहाँको साथमा उभिनुहोस्। हाम्रा सबै आवश्यकताहरूप्रति उहाँ संवेदनशील हुनुहुन्छ। अरूले पाएको दुःख वेदना आफ्नै बनाउनुहुने उहाँ नै हुनुहुन्छ। जसले धेरै क्षमा दिइयो त्यसलाई धेरै प्रेम गर्नुहुन्छ। सारा मानव जगतको निम्ति येशू प्रिय मित्र हुनुहुन्छ। उहाँ भरपर्दो र करुणामय मूल पुरोहित हुनुहुन्छ। स्वर्गको तेजस्विमय महिमित राजा उहाँ हुनुभएतापनि सिमित बल भएको मानिस सैतानको पासोमा पर्दा उहाँको नजर उसमाथि पर्दछ। सैतानको शक्तिशाली छललाई आफैले अनुभव गर्नुभएकोले उसको पासोमा परेको

मानिसको अवस्थालाई उहाँले बुझ्नुहुन्छ।"-एलेन जी ह्वाइट, क्रिश्चियन एजुकेशन, पृ. १६०बाट रूपान्तरित।

"मानिसको चेतनालाई आफू दोषी भएको चिन्ताबाट मुक्त गर्न सकिन्छ। ख्रीष्ट येशूको रगतमा आस्था राखेर सारा मानिसहरू उहाँमा सिद्ध र पवित्र हुनसक्दछ। असम्भव तत्वहरूसँग हामी कारोबार गरिरहेका छैनौं भनेर परमेश्वरलाई धन्यवाद देउँ। हामी धार्मिक वा साधु जीवन बिताउन दावी गर्न सक्दछौं। परमेश्वरको निगाहालाई हामीले उपभोग गर्न सक्दछौं। ख्रीष्ट र परमेश्वरले हाम्रो बारेमा के सोचिरहनुभएको होला भनेर चिन्तित हुनु आवश्यक छैन। बरू परमेश्वरले हाम्रो बदलीमा उभिनुभएको येशूको बारेमा के सोचिरहनुभएको होला भन्ने कुरामा हामी चासो लिन सक्दछौं।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज्, पृ. ३२,३३बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. हिब्रू २:१७,१८मा उल्लेख गरेको छ, "त्यसैले सबै कुरामा उहाँ आफ्नै दाजुभाइहरूजस्तो बन्नुपऱ्यो। यसरी नै परमेश्वरको सेवामा मानिसको पापको क्षमा माग्न भरपर्दो र दयालु प्रधान पूजाहारी बन्नुभयो। १८ उहाँ आफैंले पनि धेरै जाँचमा परेर दुःख भोग्नुभएको हुनाले अब जाँचमा पर्नेहरूलाई मद्दत गर्न सक्नुहुन्छ।" येशू मूल पुरोहित हुनुभन्दा पहिले मानव अवतार लिएर कष्ट भोग्नु किन जरूरी देखिएको थियो?

आ. एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको उद्गारको बारेमा गहिरिएर सोच्नुहोस्। त्यसले ख्रीष्टमा हामी सिद्ध हुनसक्छौं भन्नुको अर्थलाई कसरी बुझाउँछ? उहाँले भन्नुभयो, " ख्रीष्ट र परमेश्वरले हाम्रो बारेमा के सोचिरहनुभएको होला भनेर चिन्तित हुनु आवश्यक छैन। बरू परमेश्वरले हाम्रो बदलीमा उभिनुभएको

येशूको बारेमा के सोचिरहनुभएको होला भन्ने कुरामा हामी चासो लिन सक्दछौं।"

इ. हामीहरूको मुक्तिको निम्ति हाम्रो प्रधान पुजारी येशू ख्रीष्ट आफै मोल हुनुभयो। उहाँको बलि र रगतको नतिजा र फायदाहरूलाई उहाँ आफैले नियन्त्रण गर्नुहुन्छ। हाम्रो पक्षमा उहाँ उभिनुभएकोले हामी कसैको डर मान्नु आवश्यक छैन। जब हामी सैतानको सहनै नसक्ने छल वा प्रलोभनमा पर्दछौं त्यसबेला हिब्रूको पुस्तकमा दिएका अचम्मका आत्मज्ञान सत्यहरूलाई हृदयमा राखेर कसरी फायदा उठाउन सक्छौं?

ई. पापसँग कारोबार गर्न येशूको केवल एक मृत्यु नै काफी छ भनेर हिब्रूको पुस्तकले स्पष्ट रूपमा औंल्याइएको छ। पापको निम्ति फेरि फेरि पशुबलि दिइरहनुपर्छ जस्तो धारणा बोकेका अरू धर्मसंस्कारहरूको बारेमा त्यस तथ्यले के सिकाउँदछ?